नेपाली राजदूतावास, अबुधाबी
Tel.: +971-2-6344767 / 6344385, Fax: +971-2-6344469
E-mail : eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np

*Ref.*

## यन्त्रवाचक राहदानी (MRP) नवीकरणको नियमित सेवा स्थगनसम्बन्धी सूचना

नेपाल सरकारले लागू गरेको विद्युतीय राहदानी (e-Passport) नेपाली राजदूतावास, अबुधाबीबाट पनि केही दिनभित्रै जारी गर्ने गरी तयारी भइरहेको सन्दर्भमा यसका लागि नयाँ प्रणाली जडानलगायतका आवश्यक अन्य व्यवस्थापकीय कार्य गर्नुपर्ने भएकाले आगामी २०७८ फागुन २ गते सोमबार (तदनुसार १४ फ्रेबुअरी २०२२) देखि अर्को सूचना जारी नभएसम्म यस राजदूतावासबाट यन्त्रवाचक राहदानी (MRP) नवीकरण गर्ने तथा नयाँ बनाउने कार्य स्थगन गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

यस राजदूतावासले विद्युतीय राहदानी (e-Passport) जारी गर्नका लागि यन्त्रवाचक राहदानी (MRP) को नियमित सेवा केही दिनको लागि स्थगन गर्दा युएइमा रहनुभएका नेपालीहरूमा पर्न गएको असुविधाप्रति राजदूतावास क्षमाप्रार्थी छ।

नेपाली राजदूतावास

अबुधाबी

२०७८ माघ २८ गते शुक्रबार ।